# मुसिकोट राजपत्र

मुसिकोट नगरपालिका द्वारा प्रकाशित

खण्ड २) मुसिकोट,गुल्मी, असार ३० गते,२०७५ साल (संख्याः ६

## भाग-१

## मुसिकोट नगरपालिका,गुल्मी

### मुसिकोट नगरपालिकाको पूर्वाधार ब्यवस्थापन सम्वन्धि ऐन २०७४

नेपालको संविधानको धारा ५७ र २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम मुसिकोट नगर सभाले वनाएको देहायको ऐन स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# मुसिकोट नगरपालिकाको पूर्वाधार ब्यवस्थापन सम्वन्धि (प्रथम संसोधन ) ऐन २०७५

प्रस्तावनाः

मुसिकोट नगरपालिकाको पूर्वाधार ब्यवस्थापन सम्बन्धी ऐन, २०७४ लाइ संसोधन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा ५७ र २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम मुसिकोट नगरसभाले यो ऐन बनाएको छ ।

**परिच्छेद १**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस को नाम “नगरपालिकाको पूर्वाधार ब्यवस्थापन सम्बन्धी ऐन,(प्रथम संसोधन) २०७५” रहेको छ ।

(२) यो ऐन नगर सभाबाट पारित हुनासाथ तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) “प्रमुख” भन्नाले नगरपालिकाको◌े प्रमुख सम्झनुपर्छ ।

(ख) “उपप्रमुख” भन्नाले नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

(ग) “नगरपालिका” भन्नाले संविधान बमोजिम स्थापना भएको मुसिकोट नगरपालिका सम्झनु पर्छ ।

(घ) “कार्यपालिका” भन्नाले नगरपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(ङ) “नगर सभा” भन्नाले संविधानको धारा २२३ को उपधारा (१) बमोजिमको नगर सभा सम्झनु पर्छ ।

(च) “पूर्वाधार” भन्नाले यस ऐनमा अनुसूची १ मा उल्लेख भए बमोजिमका बिषयसँग सम्वन्धित भौतिक पूर्वाधारलाई सम्झनु पर्दछ ।

मुसिकोट राजपत्र

(छ) "मूल ऐन" भन्नाले नगरपालिकाको पूर्वाधार ब्यवस्थापन सम्बन्धी ऐन २०७४ लाई सम्झनु पर्दछ

३. **मूल एनको दफा २० मा संसोधन** ः मुसिकोट नगरपालिकाको पूर्वाधार ब्यवस्थापन सम्बन्धी ऐन २०७४ को दफा २० को सट्टा देहायको दफा राखिएको छ ः

२०. पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन : नगरपालिका भित्र निर्माण तथा व्यवस्थापन गर्नुपर्ने अनुसूची १ मा उल्लेखित पूर्वाधारहरुको निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमका प्रक्रियाहरु अवलम्बन गरिनेछ :–

(क) रु. एक लाख सम्मका आयोजना वा कार्यक्रम सोझै वार्ताबाट

(ख) रु. साठी लाख लाख सम्मका आयोजना वा कार्यक्रम उपभोक्ता समितिहरु मार्फत

(ग) रु. एक करोड सम्मका आयोजना वा कार्यक्रम स्थानीय निर्माण व्यवसायी मार्फत

(घ) रु. एक करोड भन्दा माथिका आयोजना वा कार्यक्रम संघीय ऐनले तोके वमोजिमका निर्माण ब्यवसायी मार्फत

(ङ) निजी लगानी परिचालन भई हुने निर्माण तथा ब्यवस्थापन हुने कार्य साझेदारी मार्फत

४. **मूल एनको दफा २१ को उपदफा १ मा संसोधन**

मुसिकोट नगरपालिकाको पूर्वाधार ब्यवस्थापन सम्बन्धी ऐन २०७४ को दफा २१ को उपदफा १ को सट्टा देहायको उपदफा राखिएको छ ः

(१) रु. साठी लाख सम्मका निर्माण तथा मर्मत सम्भार कार्य गराउँदा सम्वन्धित लाभान्वित परिवारका सदस्यहरुको संलग्नतामा उपभोक्ता समिति गठन गरी सो समिति मार्फत गर्न सकिने छ।

**४. मूल एनको दफा २२ को उपदफा १ मा संसोधन**

मुसिकोट नगरपालिकाको पूर्वाधार ब्यवस्थापन सम्बन्धी ऐन २०७४ को दफा २१ को उपदफा १ को सट्टा देहायको उपदफा राखिएको छ ः

(१) नगरपालिकाले एक करोड रूपैयाँ सम्मको पूर्वाधार निर्माण वा मर्मत सम्बन्धी कार्य गर्ने प्रयोजनका लागि नगरपालिका भित्र रहेका योग्यता पुगेका समूह वा व्यक्तिलाई स्थानीय निर्माण व्यवसायीको रुपमा दर्ता गर्न सक्नेछ ।

प्रमाणिकरण मिति : २०७५।०३।३०

आज्ञाले,
घनश्याम न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

**मूल्य रू १०**

मुसिकोट राजपत्र